जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९

स.बि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १३७ | २०७७ साल पुस १३ गते सोमबार (28 Dec. 2020 Monday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : लोपोन्मुख भाषाको ... ३ पृष्ठमा : राजनीतिक धरातलमा ... ३ पृष्ठमा : युरोपेली मुलुकमा खोप ...

# सप्तरीका ४० जना सडक आश्रित मानवको उद्दार



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

सप्तरी जिल्लाका ४० जना सडक मानवको आइतबार उद्दार गरिएको छ । उद्दार गरिएका सडक आश्रित मानव मध्ये १४ वर्षदेखी ८० वर्षसम्मका जेष्ठ नागरिकहरु छन् ।

सडक मानवको राष्ट्रिय उद्दार कार्यक्रम अन्तरगत मानव सेवा आश्रम हेटौंडाको टोलीले १२ महिला र २८ पुरुष गरि ४० जना सडक मानवको उद्दार गरेको हो ।

राजविराज नगरपालिका, रुपनी गाउँपालिका, इन्सेक प्रतिनिधि मनोहर पोखरेललगायतको सहयोगमा उद्दार गरिएका सहयोगापेक्षी सडक आश्रित मानवलाई

***बाँकी तीन पृष्ठमा***

## लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन



**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ



**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान

भिडभाड हुने स्थान | भौतिक दूरी कम हुने स्थान | भेन्टिलेशन नभएको स्थान

**यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ**

**भिडभाड, भौतिक दूरी** कम हुने र **भेन्टिलेशन** पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेकपाको दाहाल-नेपाल समुहद्वारा अगुवा कार्यकर्ता भेला सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

प्रतिनिधिसभा विघटनपछि नेकपामा दुई समूहमा विभाजन भएको छ । जसअन्तरगत दाहाल-नेपाल समुहले प्रदेश २ को ८ वटै जिल्लामा आइतबार अगुवा कार्यकर्ता भेला सम्पन्न गरेको छ ।

राजविराजमा आयोजित भेलामा दाहाल-नेपाल समुहका नेता कार्यकर्ताहरुले जनताको बलिदानीपुर्ण संघर्षबाट प्राप्त भएको उपलब्धी र संबिधानको रक्षाका लागि सशक्त संघर्ष गर्न तयार रहेको बताएका छन् ।

नेकपा प्रदेश २ का सहइन्चार्ज तथा पुर्वमन्त्री महेन्द्र पासवानले बिदेशी डिजाईनमा प्रतिगामी शक्तिलाई स्थापित गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले संसद बिघटन गर्ने निर्णय गरेको आरोप लगाउँदै सरकारको असंबैधानिक निर्णय बिरुद्ध कठोर संघर्ष गर्न समेत रहेको बताएका छन् ।

जनभावना बिपरित र कम्युनिष्ट आन्दोलनलाई धरासायी बनाउने नियतबाट संसद बिघटन गर्ने कदम चालिएको भन्दै उनले प्रधानमन्त्री ओलीको कदम बिरुद्ध सबै लोकतान्त्रिक शक्तिहरु एकजुट हुनुपर्ने बताए ।

कार्यक्रममा पुर्वमन्त्री उमेश कुमार यादवले जनताले कम्युनिष्ट शक्तिलाई बिश्वास गरेर दुई तिहार बहुमत दिएपनि प्रधानमन्त्री ओलीले त्यसलाई दुरुपयोग गर्दै प्रतिगामी शक्तिका लागि प्रयोग गरेको आरोप लगाए ।

सत्ता स्वार्थका लागि अहिले कतिपय नेता कार्यकर्ताहरुले ओलीको असंबैधानिक कदमको समर्थनमा लागेको आरोप लगाउँदै बिगतमा इमान्दार कम्युनिष्ट नेता कार्यकर्ताहरुको राजनैतिक रुपमा हत्या गर्ने पृष्ठभुमि भएका पात्रहरु मात्रै अहिले ओली समुहमा लागेको जिकिर गरे ।

सो भेलामा नेकपाका केन्द्रीय सदस्य तथा सप्तरी जिल्ला इञ्चार्ज रामप्रित पासवानले आफ्नो स्वार्थ र अहंकारका कारण प्रधानमन्त्री ओलीले संबिधान बिरोधी कार्य गरेको आरोप लगाउँदै सरकारको असंबैधानिक कदम बिरुद्ध आफुहरु प्रतिबद्धत भएर आन्दोलनमा जुटेको उल्लेख गरे ।

जनताको भावनासँग खेलवाड गर्ने अधिकार कसैसँग नभएको दाबी गर्दै प्रधानमन्त्रीको कदमले प्रतिगामी शक्तिलाई बल पुगेकोले यसका बिरुद्ध आन्दोलनमा होमिन सबैसँग आग्रह पनि गरे ।

नेकपा सप्तरीका अध्यक्ष अशोक कुमार मण्डल (अमर) को अध्यक्षतामा आयोजित भेलामा नेकपा सप्तरीका सचिव तथा प्रदेशसभा सदस्य गोबिन्द न्यौपानेले जनताको बलमा प्राप्त भएको संघीयता, समाबेशीता र धर्मनिरीपेक्षता जस्ता उपलब्धीलाई समाप्त पार्न संबिधानमाथि सरकारबाट हमला भएको आरोप लगाए ।

राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सदस्य तथा सप्तरी इञ्चार्ज निरञ्जन झाद्वारा सञ्चालित भेलामा नेकपाकी नेतृ तथा प्रदेशसभा सदस्य रुवी कर्ण, नेकपाका प्रदेश समिति सदस्यहरु महेश कुमार यादव, असर्फी सदा, छेदी रजक बिमल, देवनाथ यादव, अरुण कुमार साह, सुभाषचन्द्र झा, नारायण आचार्य, राजविराज नगरपालिका वडा नम्बर ८ का वडाअध्यक्ष जयनारायण मण्डल, प्राध्यापक सुशिल कर्ण लगायतले संसद बिघटन गर्ने सरकारको कदम असंबैधानिक र अलोकतान्त्रिक भएकाले त्यस बिरुद्ध संघर्षको मैदानमा डटेर लाग्नुपर्ने बताए ।

प्रतिनिधिसभा बिघटन बिरुद्ध आन्दोलनरत नेकपाका दाहाल-नेपाल समुहले केन्द्रीय समितिको सर्कुलर अनुसार प्रदेश २ का सबै जिल्लामा अगुवा कार्यकर्ता भेला आयोजना गरेको हो ।

# मुख्यमन्त्री राईविरुद्ध अविश्वास प्रस्ताव दर्ता

विराटनगर, १२ पुस (रासस) ।

प्रदेश नं १ को सरकारविरुद्ध आइतबार अविश्वास प्रस्ताव दर्ता भएको छ । प्रदेशसभा सदस्य भीमप्रसाद आचार्यसहित ३७ सदस्यले नेपालको संविधानको धारा १८८ को उपधारा ४ एवं प्रदेश नं १ को प्रदेशसभा नियमावली २०७४ को नियम १२९ बमोजिम प्रदेश सचिवालयमा आइतबार बिहान १०:४३ बजे अविश्वास प्रस्ताव दर्ता भएको हो ।

अविश्वासको प्रस्ताव पेश गर्ने प्रयोजनका लागि नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम तत्कालै प्रदेशसभा बैठक बोलाउन पनि माग गरिएको छ । नेपाल कम्युनिष्ट पार्टी(नेकपा)बाट निर्वाचित प्रदेशसभा सदस्य शेरधन राईले नेतृत्व गरेको प्रदेश सरकारको विघटनपछि सदस्य आचार्यलाई नेपालको संविधानको धारा १८८ को उपधारा ५ बमोजिम मुख्यमन्त्रीका रुपमा प्रस्ताव गरिएको छ ।

सो प्रस्तावका प्रस्तावकमा प्रदेशसभा सदस्य इन्द्रबहादुर आङ्बो र समर्थकमा प्रदेशसभा सदस्य लछुमण तिवारी हुनुहुन्छ । प्रदेशसभामा नेकपाका ६७, नेपाली कांग्रेसका २१, जनता समाजवादी पार्टीका तीन तथा राष्ट्रिय प्रजातन्त्र पार्टी र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एकएक गरी कुल

***बाँकी दुई पृष्ठमा***

## सम्पादकीय ....

# नयाँ शैलीको विकासीय कार्यका लागि एकजुट हुनु आवश्यक

नेपालको पुरानो नगरपालिका मध्ये एक राजविराज नगरपालिका जसको जति विकास हनु पर्ने हो त्यती विकास हुन सकिरहेको छैन । राजविराज भन्दा कान्छो नगरपालिकाले विकासको मामलामा निकै फड्को मारिसकेको छ । तर, राजविराज भने अहिले पनि चाहिने जतिको विकास गर्न सकेको छैन् । नगरक्षेत्रको सार्वजनिक नालाहरु पुरिएका छन् । सडकहरु साँघुरो हुँदै गएका छन् । भएभरका सार्वजनिक सम्पत्तिको दुरुपयोग भइरहेको छ । व्यवस्थित सहरको परिकल्पना कागजमै सीमित भएका छन् ।

यता केही दिनदेखी सहरको विकास भइरहेको छ । तर, त्यो पनि पुरानै संरचनामै भइरहेको छ । सडकहरुको पुरानै शैलीमा मर्मत सम्भार भइरहेको छ । नगरक्षेत्रका केही सडकहरु फराकिलो भइरहेको छ भने अधिकांश सडकहरुलाई पुरानै संरचना अनुसार नयाँ रुपमात्र दिइरहेको छ । नालाहरुको अवस्थामा खासै सुधार भएको देखिन्न् । नयाँ नियमअनुसार ढलको व्यवस्था हुनुपर्ने हो तर, ढल निर्माण गर्ने कुनै योजना छैन् ।

यसरी नगर विकासको नाममा बजेट बिनियोजन भइरहेको छ तर त्यसको सदुपयोग भएको देखिन्न् । यस्तो विकास जुन पुरानै शैलीमा भइरहेको छ त्यस्ता विकास कति दिनका लागि यो प्रश्न अहिले नगरवासीले उठाउने प्रयास गरिरहेका छन् । यस्ता विकासीय कार्यलाई नयाँ शैलीमा निर्माण गर्न सकिएमात्र विकासको औचित्य हुने हो । तसर्थ यसका लागि सम्पूर्ण नगरवासी नयाँ शैलीको विकासीय कार्यका लागि एकजुट हुनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# लोपोन्मुख भाषाको व्याकरण बनाउँदै भाषा आयोग

काठमाडौँ, १२ पुस (रासस) ।

मुलुकका विभिन्न लोपोन्मुख भाषाको अभिलेखीकरण र तिनको व्याकरण निर्माणका काममा भाषा आयोग अग्रसर भएको छ । आयोगले वाम्बुले, राजी, डोटचाली र डोटेली, दुरा, स्युवा (कागते), मेचे आदि भाषाको व्याकरण निर्माण गरिसकेको छ भने दनुवारलगायत केही भाषाको व्याकरण निर्माण यही आर्थिक वर्षभित्र गर्ने भएको छ ।

नेपालका भाषाको संरक्षण, संवर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायको समेत सिफारिस गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले स्थलगतरूपमा विज्ञ र सरोकार भएकालाई परिचालन गरी मरणोन्मुख विभिन्न ३१ भाषाको पाठ र शब्द सङ्कलन, शब्दकोष निर्माण, भाषिक इतिहास लेखनका काम पनि गर्दै आएको छ । आयोगले गत आर्थिक वर्षमा लिङ्खिम, बज्जिका, छन्त्याल, सन्थाली, भोट, शेर्पा, थामी, स्युवा, राजवंशी, उराउ, लोहरूङ, सुनुवार, गोपाली, ताजपुरिया, याम्फु, सोनाह, जुम्ली, याक्खा, चाम्लिङ, सम्पाङ, बेलहरे, लाप्चा, आठपुरिया, वाम्बुले आदि भाषाको अभिलेखीकरण गरिसकेको छ । दश हजारदेखि एक लाखसम्म वक्ता सङ्ख्या भएका भाषालाई लोपोन्मुख मानिन्छ ।

नेपालमा विसं २०६८ को राष्ट्रिय जनगणनाअनुसार १२३ भाषा रहेकामा आयोगले थप आठ भाषाको पहिचान गरेको छ । आयोगका उपसचिव गेहनाथ गौतमका अनुसार मुलुकका एक लाखभन्दा बढी वक्ता र सङ्ख्या भएका भाषा १९ छन् । दश हजारदेखि एक लाखसम्म वक्ता सङ्ख्या भएका ३० भाषा छन् । दश हजारभन्दा कम वक्ता सङ्ख्या रहेका ३७ र एक हजारभन्दा कम वक्ता सङ्ख्या भएका ३७ भाषा छन् ।

दनुवार (डोने) भाषाको व्याकरण निर्माणका लागि आयोगले भाषाशास्त्रीहरू डा कर्णाखर खतिवडा र डा दुर्गाप्रसाद दाहाल तथा वक्ता संयोजकका रूपमा सूर्यमाष दनुवारलाई यसै साता स्थलमा खटाएको छ । सो टोली अहिले काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-८ मा कार्यरत छ । उक्त पालिकाका उपप्रमुख निर्मला शाहीले मातृभाषाको संरक्षण र स्थानीय पाठ्यक्रम निर्माणका लागि आफूहरूले पनि काम आरम्भ गरेको बताउनुभयो । वडा नं ८ का अध्यक्ष झलक पौडेलले सो वडामा ३२९ घरधुरी दनुवार जाति रहेकामा ढिलै भए पनि आयोगले व्याकरण निर्माणको काम थालेकामा खुशी व्यक्त गर्नुभयो । काभ्रे, उदयपुर, सिन्धुपाल्चोक, मकवानपुर, सिन्धुली, नुवाकोट, ललितपुरलगायत जिल्लामा गरी करिब २१ हजार दनुवार भाषी छन् । तराई र पहाडी क्षेत्रका दनुवारको भाषिकासमेत भिन्नता पाइने विज्ञहरू बताउँछन् । भाषाशास्त्री डा खतिवडाले आफ्नो मातृभाषाको महत्व र बोध सम्बन्धित समुदायलाई नहुँदा ती भाषा उपेक्षामा पर्दै आएको बताउनुभयो । दनुवार जागरण समिति काभ्रेका अध्यक्ष गोपालकृष्ण राईले विगतको जनगणनामा कतिपय दनुवारले थरमा राई राख्ने गरेको तथा हिन्दू संस्कृतिमा हेलमेलका कारण आफ्नो जातिको यकिन तथ्याङ्क सङ्कलनमा समस्या देखिएको बताउनुभयो ।

नेपालको संविधानको धारा २८७ मा आयोगलाई नेपाल सरकारसमक्ष सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधार निर्धारण गरी सिफारिस गर्ने दायित्व प्रदान गरिएको छ । नेपाल सरकारले पूर्वसचिव डा लवदेव अवस्थीको अध्यक्षतामा २०७३ भदौ २३ मा आयोग गठन गरे पनि हालसम्म सदस्यहरू रिक्त छन् । आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउँदै आएको छ ।

नेपालको संविधानको धारा ७ मा नेपाली भाषाको संवैधानिक पहिचान कायम गर्दै देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ भन्ने उल्लेख गरिएको छ । यसैगरी संविधानको धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भनी नेपालमा बोलिने भाषालाई राष्ट्रभाषाका रूपमा संवैधानिक पहिचान प्रदान गरिएको छ । मुलुकमा नेपाली भाषा बोल्ने मातृभाषी सङ्ख्या ४४ दशमलव छ प्रतिशत छ । यो भाषा पहाडमा २७ दशमलव २९ प्रतिशत र तराईमा १३ दशमलव १९ प्रतिशत मानिसले बोल्ने गरेको राष्ट्रिय जनगणना, २०६८ मा जनाइएको छ ।

# गैरआवासीय नेपालीले कोरोनाविरुद्ध लगाए खोप

काठमाडौं, १२ पुस (रासस) ।

गैरआवासीय नेपालीले कोरोनाविरुद्ध निर्माण गरिएको खोप लगाउन थालेका छन् । पहिलो चरणमा अग्रपंतिमा काम गर्ने नेपालीले खोप लगाउन थालेका गैरआवासीय नेपाली संघ ( एनआरएनए)ले जनाएको छ ।

बेलायत, कतार, क्यानाडा, साउदी अरब, बहराइनमा रहेका गैरआवासीय नेपालीले कोरोनाविरुद्धको खोप लगाउन थालेका संघले जनाएको छ । विश्वका विभिन्न मुलुकले कोरोनाविरुद्ध अग्रपंतिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतलाई आपत्कालीन अवस्थामा खोप दिन थालिसकेका छन् ।

**९४.५ प्रतिशत नेपाली कोरोनामुक्त**

विदेशमा कोरोना संक्रमणमा परेका नेपालीमध्ये ९४.५ प्रतिशत कोरोनामुक्त भएका छन् । संघका अनुसार शनिबार साँझसम्म विदेशमा ५२ हजार ८७२ नेपालीमा कोरोना संक्रमण पुष्टि भएको छ । तीमध्ये ४९ हजार ८९२ जना कोरोनामुक्त भएको संघअन्तर्गतको स्वास्थ्य समितिले जनाएको छ ।

समितिका अनुसार गत साता नाइजेरिया, इजिप्स, साउदी अबर, कुवेतमा रहेका नेपालीमा संघमण पाइएको छ । हालसम्म विभिन्न २१ देशमा ३१२ नेपालीको कोरोना संक्रमणका कारण ज्यान गएको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिनुभयो ।

*मुख्यमन्त्री ...*

९३ सदस्य छन् । नेकपा दाहाल-नेपाल समूह समर्थित ३७ र नेकपा समर्थित ३० सदस्य भएको जनाइएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहि हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# राजनीतिक धरातलमा व्यापक असन्तुष्टता



उपेन्द्र झा

नेकपाका अध्यक्ष केपी शर्मा ओलीको बलियो सरकार नेपालको राजनीतिमा निकम्मा, कमजोर, स्वेच्छाचारी र कलंकित सरकारको रुपमा दर्ज भएको छ। सत्तापक्षको पार्टी, प्रतिपक्षी पार्टी, अन्य राजनीतिक दलहरुलगायत जनता समेत असन्तुष्ट भएको अवस्थामा यो सरकार केको लागि भन्ने प्रश्न चौतर्फी उठेका छन्। कम्युनिष्ट सभ्य, सुसंस्कृत, संगठित, अनुशासित र न्याय सम्पादन गर्न उदाहरणीय व्यक्तित्वको रुपमा चिनिए पनि नेपाली संस्करणको विकृत रुप हेरेर सबैको शिर लाजले झुकेको छ। हुनत नेपाली राजनीतिमा नैतिकता, इमान्दारी, आदर्शको कहीं ठाउँ नभएकोले शासनको जतिसुकै विकृत रुप प्रदर्शन हुँदा पनि क्षम्य रहने कुरा सत्तापक्ष र प्रतिपक्ष सबैले बुझेका छन्।

सत्तामा आएपछि जनताको समस्यालाई सम्बोधन गर्न सदैव तत्पर रहनु पर्ने, कर्त्तव्य बोधका साथ कुशलता देखाउनु पर्नेको सट्टा आफ्नै पार्टीका सहकर्मीसँग अनावश्यक र नियमविपरीतको झगडालाई जीवन मरणको विषय बनाएर सरकारको सबै काम कारवाहीलाई ठप्प पार्नुको अर्थहीन क्रियाकलापलाई प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पराक्रम सम्झेर बसेको छ। जनताको दैनन्दिनी अवरुद्ध पारेर जनतालाई आन्दोलित पार्नुको अर्थ के ?

राजनीतिक गतिरोध ल्याएर प्रणालीलाई नै अवरुद्ध गरि नेकपाभित्र न सैद्धान्तिक लडाई देखिएको हो न देश र जनताको विकासको लागि गरिएको लडाई हो। देखिन्छ भने पारस्परिक स्वार्थको अन्तहीन भिडन्त। पाको उमेरमा त असभ्य पनि अनुभवको आधारमा सभ्य भएर समाजमा उदाहरण बन्छ। यो कस्तो कम्युनिष्ट हो जसले ७१ वर्षसम्म पनि सभ्य, अनुशासित, प्रेरणादायी तथा समाजलाई सही दिशानिर्देश गर्न सिकेन। नेकपाको व्यवहारले सिङ्गै पार्टीमाथि आशंकाको प्रश्न खडा भएको छ। यसमा यो सही र त्यो गलतभन्दा पनि जनतालाई ठग्ने पार्टीको रुपमा चित्रित भइरहेको स्पष्ट छ।

ट्रान्सपेरेन्सी इन्टरनेशनलले सरकार प्रमुख नै भ्रष्टाचारका मूल कारक तत्व हो भनेर अहिले प्रतिवेदन सार्वजनिक गरेर सचेत गर्न खोजेको हो। तर प्रधानमन्त्री ओलीले सरकारलाई बदनाम गर्न ट्रान्सपेरेन्सी इन्टरनेशनले पूर्वाग्रही भएर प्रतिवेदन सार्वजनिक गरेको भन्ने आरोप लगाएको छ। देशमा चरमचुलीमा रहेको भ्रष्टाचारलाई ओलीले स्वीकार गर्ने पक्षमा देखिन्न। भ्रष्टाचारबारे त प्रबुद्धवर्गहरुले लेखमार्फत सरकारलाई धेरै पहिलादेखि सचेत गर्दै आइरहेका थिए। भ्रष्टाचारले शासन प्रणालीलाई नै पंगु बनाएको, जनताबाट सरकारलाई अलग गराएको कुरा के साँचो होइन ? जुन कारणबाट सरकार आफै बदनाम भइरहेको छ, त्यस्तो कारणलाई नजरअन्दाज गर्न मिल्छ ? यदि यसो हो भने ट्रान्सपेरेन्सी इन्टरनेशनलले लगाएको आरोप मिथ्या कसरी हुन सक्छ ?

देशमा चरमचुलीमा रहेको भ्रष्टाचार, बलात्कार, हत्याहिंसा, एसिड आक्रमण, महँगाई, भोकमरी तथा कोरोना महामारीबाट आक्रान्त नेपाली जनताको समस्यालाई सम्बोधन गर्नुको सट्टा विरोधमा रहेका सहकर्मीसँग बदला लिन अनेक धम्की स्वरमा अभद्र अभिव्यक्ति दिएर आत्म समर्पण गराउने दाँवपेचमा लागेर देशप्रतिको दायित्वबाट पन्छेर केपी शर्मा ओलीले आर्जन गरेको प्रतिष्ठा गुमाइसकेको छ। आफू शिखरमा पुग्ने प्रयासहरुको सफलताबाट आर्जित प्रतिष्ठा देशको लागि काम नलाग्ने सिद्ध भएपछि ओलीको विगतको कथित पराक्रम धुल धुरसित भएको छ। राज्यसत्तालाई कब्जा गरेर बसेको विभिन्न क्षेत्रका माफियाहरुलाई परास्त गरी स्वच्छ राज्यसत्ताबाट न्याय सम्पादन गर्ने नेकपाको वैज्ञानिक दृष्टिकोणलाई स्थापित गर्ने प्रयास भएको भए आज जनता सरकारको पक्षमा उभिन्थ्यो। जनपक्षीय कार्यहरुको विरुद्ध लागेपछि ओलीको राजनीतिक प्रतिष्ठामा प्रश्न खडा भएको छ।

राजतन्त्र जस्तै संविधानभन्दा माथि आफूलाई स्थापित गरी हुकुम प्रमाङ्गीको भरमा शासन चलाउने महत्वाकांक्षा पालेको शक्तिशाली भनिने केपी शर्मा ओलीको न केन्द्रीय समितिमा, न स्थायी समितिमा, न सचिवालयमा बहुमत देखिन्छ। कस्तो विडम्बना ! कुनै बैठक बस्न नदिने, बसे आफू उपस्थित नहुने, बैठक बसाए कडा एक्शन लिने आदि स्वेच्छाचारी ढंगले प्रचार गरी सहकर्मीलाई डराउने, तर्साउने कार्यले सहकर्मीहरुले दिक्क त मानेकै छन्, अन्य राजनीतिक दलहरु पनि ओलीको अवैधानिक क्रियाकलापबाट असन्तुष्ट भएका छन्।

जनता कोरोनाको शिकार भई मर्दै छन्। लामो समय बेरोजगार भएर मानिस भोकमरीमा मर्दैछन्। कोही परिवार पाल्न नसकेर आत्महत्या गर्दै छन्। समाजमा बलात्कार, हत्या दैनिक रुपमा बढ्दै छन्। अर्थात् जनताको दैनिकी अति पीडादायी अवस्थामा रहेको सत्तापक्षको तानाशाहीले बुझ्नेन, यस्तो अवस्थामा सरकारलाई कर्तव्यबोध गराउन प्रतिपक्षको भूमिका पनि निष्क्रिय देखियो। प्रतिपक्षले पनि जनताको आँसु पुछ्न सकेन। देशमा सत्तापक्ष र प्रतिपक्ष दुबैको निष्क्रिय भूमिकाका कारण आन्दोलनको जन्म भएको कुरा भने स्वीकार्न दुबै दल तयार छैन। देशको विभिन्न शहरहरुमा आन्दोलनको स्वरुप हेर्दा त्यहाँ नेकपा, नेपाली कांग्रेस र समाजवादीको जनतामा संगठनै नरहेको दृष्य उजागर भएको छ।

"राजा आउ देश बचाउ" को नाराबाट गुँजिएको आन्दोलनलाई राजनीतिक दलहरुले यसलाई राजावादीको आन्दोलन भनेर आरोपित गरेपनि यो आन्दोलन ०६५ सालपछि राजनीतिक दलहरुको भ्रष्ट आचरण, आदर्शहीन, नैतिकहीन, एजेण्डाविहीन, सत्तामदका निरंकूश चरित्रको नाङ्गो प्रदर्शनका विरुद्ध उठेको आन्दोलन कसको लागि श्राप र कसको लागि बरदान हुने समयले नै सत्यापन गर्नेछ। जनताको सामुन्ने कुनै विकल्प नरहेपछि स्वतः मर्नुभन्दा सडकमै गएर मर्नु बेस भनेर जनता राजनीतिभन्दा बाहिर रहेको पूर्वराजालाई गुहार्न बाध्य भएका छन्।

यही जनताको मत लिएर बादशाह भएका केपी ओलीको लागि त्यहीं जनताको आन्दोलन प्रतिगामी कसरी भयो। निर्लज्जताको शिखरमा बसेका राजनीतिक दलहरुले ऐनामा पहिले आफ्नो अनुहार हेरेर आरोप लगाउँदा ठीक हुन्थ्यो। को बढि निर्लज्ज, जनता कि राजनीतिक दलहरु ? १२ वर्षमा शासकीय निरंकुताले जनताको निर्विकल्प राजनीतिक आस्थालाई धज्जि उडाएका राजनीतिक दलहरुले अहिले जनताको स्वतःस्फुर्त आन्दोलनलाई बदनाम गर्ने कसरतमा लागेका छन्। कर्म अनुसारको फल भोग्न शासकहरु पनि तयार हुनु पर्छ। १०, १२ वर्षमा उठ्ने आन्दोलन नेपाली राजनीतिको स्थायी प्रथा रहेकोले पनि समय पुगेर पुनरावृत्ति भएको कसरी अनर्गल र प्रतिगामी भयो।

शक्तिशाली सरकारलाई कसैले हल्लाउन सक्दैन भन्ने दम्भ राख्ने केपी ओली सरकारको अहंकार नै देशलाई अराजक अवस्थामा पुऱ्याएको छ। राजनीतिक दल, राजनीतिकर्मी, बुद्धिजीवी, नागरिक समाज आदि सबै असन्तुष्ट भएका छन्। तर यो सरकारको विकल्प के हुने भन्ने विषयमा कोही प्रष्ट छैन। केपी शर्मा ओली सरकारमा, पार्टीमा, तथा लोकप्रियता दिलाउने राष्ट्रवादी शक्तिमा पनि बदनाम भएका छन्। आफ्ना सहकर्मीको सहयोग तथा जनसमर्थन समेत गुमाएका केपी शर्मा ओली सच्चिने पक्षमा छैन। नेकपाको पार्टीभित्र सत्तापक्ष तथा प्रतिपक्षको खिंचातानीले एकअर्कालाई गलाउने बाहेक अरु केही देखिएको छैन। ओलीको व्यवहारबाट पार्टी विभाजनको संघारमा रहेको देखिए पनि बैठकहरुको म्याद टार्ने तथा निष्कर्षविहीन बनेको बैठकले नेकपाको एकता अक्षुण्ण राखेको प्रष्ट छ।

विगत ६ वर्षसम्म भारतलाई तथानाम गाली गर्दै ओली जसरी अप्राकृतिक रुपले भारतसँग सम्बन्ध विच्छेद गऱ्यो र पुनश्चः अहिले भारतसँग रहस्यमय ढंगले एकतर्फी रुपमा सम्बन्ध सुधार्ने प्रयासलाई आफ्नै सहकर्मी लगायत राजनीनिक दलहरु तथा राष्ट्रवादी शक्तिले संदेहपूर्ण दृष्टिले हेरेका छन्। आत्मसमर्पणको भावमा सम्बन्ध सुधार्ने प्रक्रिया त्रुटिपूर्ण छ भनेर आफ्नै सहकर्मीहरुले आरोप लगाएका छन्। रअ चिफको नेपाल भ्रमण हुँदा ओली एक्लै गोप्य बैठक गरेका कारण र त्यसपछि ओलीको अवैधानिक तथा निरंकूश व्यवहारबाट ओली निर्देशित रहेको शंका सहकर्मीहरुमा गहिरिएको छ।

रअसँग केपी शर्मा ओलीको पुरानो गहिरो सम्बन्ध रहेकोले सहकर्मी त सशंकित छन् नै, चीन पनि सशंकित भएको छ। कुनै बेला ओलीका लागि गाडफादरको रुपमा रहेको रअ आफ्नै अग्रसरतामा ओलीसंग सम्बन्ध सुधार्ने प्रक्रिया अगाडि बढाएकोले चीन सशंकित हुनु स्वाभाविक हो। नेपाल-भारत वार्ता घनीभूत रुपमा अगाडि बढेको छ। ओली पनि नयाँ यात्रामा निस्केको हो कि भन्ने सबैले शंका गरेका छन्। शंका गर्नु पनि अस्वाभाविक होइन।

राजनीतिक धरातलमा व्यापक असन्तुष्टता छ। आफ्नो पार्टी र प्रतिपक्ष कोही ओलीको क्रियाकलापबाट सन्तुष्ट छैन। जनता पनि त्राहिमामको अवस्थामा सडकमा निस्केका छन्। तर पनि ओली सन्तुष्ट भई बाँसुरी बजाएर रमाइरहेको अवस्थाले चौतर्फी आशंका बढ्नु स्वाभाविक हो। संघीयता र गणतन्त्रको विरोधमा रहेको ओली अहिले त्यसैको शहंशाह भएर बसेको छ। स्वर्ग र नर्क दुबै ठाउँमा अव्वल पदमा बस्ने चाहना राखेका ओली वैकल्पिक सरकारमा पनि आफ्नो सुरक्षित गर्ने खेलमा त लागेका छैनन् ? भन्ने आशंका चारैतिर व्याप्त छ।

*(मधेश दर्पण फिचर सेवा)*

## सप्तरीका ४० ...

आइतबारै संरक्षणका लागि बिरगंज र हरिवनस्थित मानवसेवा आश्रम पठाइएको सचिव सुमन बर्तौलाले बताए।

सडक मानवको राष्ट्रिय उद्दार कार्यक्रम अन्तरगत गत पुस ७ देखी मेचीबाट सुरु गरिएको अभियान महाकाली पुगेर माघ ७ गते सम्पन्न हुने जनाइएको छ।

उद्दार गरिएका नागरिकहरुलाई केही बेर राजविराज नगरपालिकाको प्राङ्गणमा जम्मा गरि आश्रमका स्वयमसेवकहरुले सरसफाई र स्वास्थ्य परिक्षण गरेका थिए भने राजविराज नगरपालिकाले खानाको व्यवस्था मिलाएको थियो।

राजविराज नगरपालिकाका प्रमुख शम्भु यादवले नगरपालिकालाई सडक मानव मुक्त बनाउन आफूले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाए।

सो अवसरमा नागरिक संजालका अध्यक्ष थानसिंह भंसाली, इन्सेक प्रतिनिधि मनोहर पोखरेल, प्रमुख प्रशासकीय अधिकृत मदन थापा र जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डललगायतले सडकलाई मानवमुक्त बनाउन र सहयोगापेक्षीको उद्दार गरि संरक्षण गर्ने पवित्र उद्देश्यले अभियान चलाएवापत मानव सेवा आश्रमप्रति धन्यवाद व्यक्त गरे।

## विश्व समाचार

### युरोपेली मुलुकमा खोप अभियान शुरु

पेरिस, १२ पुस (रासस/एएफपी)।

युरोपेली युनियनमा आबद्ध मुलुकमा आइतबारदेखि एकसाथ कोभिड-१९ विरुद्धको खोप अभियान शुरु गरेको छ।

युरोपका केही मुलुकमा कोरोनाभाइरसको नयाँ स्वरुप देखिएकै अवस्थामा अति जोखिममा रहेका मानिसलाई पहिलो प्राथमिकता दिई खोप लगाउने तयारी गरिएको छ।

फाइजर-बायोएनटेकले विकास गरेको खोप कोभिड-१९ बाट सर्वाधिक प्रभाव परेका इटाली, स्पेन र फ्रान्समा शनिबार पहिलो डोजका लागि खोप आइपुगेको छ। पहिलो चरणमा यो खोप वृद्धवृद्धा र उनीहरुको हेरचाहमा खटिने व्यक्तिहरुलाई दिइने जनाइएको छ।

कोरोनाभाइरसको खोपका कारण सन् २०२१ मा नयाँ आशाको किरण देखिएको छ। गत वर्ष चीनमा पहिलो पटक देखिएको कोरोनाभाइरसको सङ्क्रमणबाट विश्वभर हालसम्म १७ लाखभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

यसैबीच, विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम घेब्रेससले कोभिड-१९ महामारीबाट नयाँ पाठ सिक्नुपर्नेमा जोड दिनु भएको छ। महामारी पूर्वतयारीसम्बन्धी अन्तरराष्ट्रिय दिवसका अवसरमा भिडियो सन्देश जारी गर्दै टेड्रोसले मानिस र पशुपक्षीबीचको नाजूक सम्बन्धका बारेमा मानव समुदायले बढी सचेतता अपनाउनुपर्ने तथा जलवायु परिवर्तनका खतराका कारण मानवका लागि पृथ्वी बस्नयोग्य बनाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभएको छ।

जर्मनीमा १०१ वर्षीया वृद्धालाई शनिबार कोभिड-१९ विरुद्धको खोप दिइएको छ। जर्मनीका स्वास्थ्य मन्त्रीले त्यस अवसरमा खोपलाई आशाको दिनको रुपमा हेरिएको बताउनुभयो।

हंगेरी र स्लोभाकियामा पनि खोप दिन थालिएको छ। हाल रुस, चीन, बेलायत, क्यानाडा, संयुक्तराज्य अमेरिका, स्वीट्जरल्यान्ड, सर्बिया, सिंगापुर र साउदी अरेबियामा पनि खोप अभियान शुरु भइसकेका छन्।

इटालीका विदेश मन्त्री लुइगी डि मायोले आमजनतालाई कोभिड-१९ को खोप लिन आह्वान गर्नु भएको छ। तर जनमत सर्वेक्षणमा करिब ५७ प्रतिशत जनताले मात्र खोप लिन चाहेको देखाइएको छ। वैज्ञानिकले ७५ देखि ८० प्रतिशतले खोप लगाए मात्र "हर्ड इम्युनिटी" विकास हुने अनुमान गरेका छन्।

कोरोनाभाइरस फैलिएको भन्दै इजरायलले आइतबारदेखि लागू हुनेगरी दुई साताको लकडाउन गरेको छ भने फ्रान्सका स्वास्थ्य मन्त्रीले पनि क्रिसमस पछि कोरोना फैलिने आशंकामा लकडाउन गर्ने योजना बनाइएको जानकारी दिनु भएको छ।

बेलायतमा देखिएको कोरोनाभाइरसको नयाँ स्वरुप र युरोपदेखि जापानसम्म यो भाइरस पुगेको भन्दै तनावको वातावरण सिर्जना भएको छ।

कोरोनाभाइरसको नयाँ संस्करण स्याड्रिडमा शनिबार चार जनामा भेटिएको छ, तर उनीहरु गम्भीर बिरामी नभएको स्पेनी स्वास्थ्य अधिकारी एन्टोनियो जापाटेरोले बताउनुभयो।

### लेबनानमा पनि कोरोनो भाइरसको नयाँ सङ्क्रमण भेटियो

बेरुत, १२ पुस (रासस/सिन्ह्वा)।

लेबनानमा पनि कोरोना भाइरसको नयाँ सङ्क्रमण भेटिएको छ। बेलायतबाट लेबनानको राजधानी बेरुतमा पुगेका एकजना व्यक्तिमा यो सङ्क्रमण भेटिएको लेबनानका स्वास्थ्य मन्त्री हमाद हसनले बताउनुभएको छ।

उहाँले बेलायतबाट लेबनानको राजधानी बेरुतमा आएका एकजना नागरिकमा कोरोना भाइरसको नयाँ सङ्क्रमण भेटिएको जानकारी शुक्रबार दिनुभएको बताइएको छ। गएको सोमबार जहाजबाट लेबनान आएका ती नागरिकमा यो सङ्क्रमण भेटिएको थियो। त्यसपछि सो जहाजमा आएका सबैजना यात्रुहरुलाई सतर्क रहनका साथै अन्य सुरक्षित मापदण्ड अपनाउन भनिएको पनि स्वास्थ्य मन्त्री हसनले जानकारी दिनुभएको हो।

ती सङ्क्रमित भेटिएपछि लेबनानको सरकारले बाहिरबाट आउने उडानहरुमाथि प्रतिबन्ध लगाएको छ। स्वास्थ्य मन्त्री हसनले सो कुरा ट्वीटमा जानकारी दिनुभएको छ। केही समयअघि मात्र बेलायतमा देखिएको कोरोनाभाइरसको नयाँ सङ्क्रमण अर्थात् प्रकार युरोपका विभिन्न देशमा पनि देखिएको छ।

यो सङ्क्रमण फ्रान्समा पनि पहिलो पटक देखापरेको छ। फ्रान्सको स्वास्थ्य मन्त्रालयका अनुसार गत साता लन्डनबाट फर्किएका फ्रान्सेली पुरुषमा उक्त भाइरस पाइएको छ।

उनलाई उनकै घरमा आइसोलेसनमा राखिएको र अहिलेसम्म उनमा कुनै लक्षण भने नदेखिएको बताएको छ। सो नयाँ सङ्क्रमणको घटनापछि फ्रान्सले पनि गएको बुधवारदेखि नै बेलायतसँगको आवतजावतमा प्रतिबन्ध लगाउने बारेमा नीति बनाएको थियो।

यसअघि भाइरसको उक्त नयाँ प्रकार डेनमार्क, अस्ट्रेलिया र द नेदरल्यान्ड्समा पनि पाइएको थियो। नयाँ प्रकारको भाइरस थप सङ्क्रामक भएको भन्ने विवरणहरु आइरहेका छन्।

यसपछि विश्वका थुप्रै देशहरुले ब्रिटेनबाट आउने र जाने उडान रद्द गरिदिएका छन्। नयाँ प्रकारको भाइरसको सङ्क्रमण रोक्न बेलायतमा पनि अहिले अत्यन्तै कडा बन्देजहरू लागु गरिएका छन्।

# प्रतिनिनिधीसभा विघटन बिरुद्ध जसपाको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

प्रतिनिधि सभा विघटनको बिरोधमा जनता समाजवादी पार्टी नेपाल सप्तरीले आइतबार पनि बिरोध कार्यक्रमलाई निरन्तरता दिएको छ ।

जसपाले आइतबार बृहत बिरोध प्रदर्शन गरेको हो । यसअघि शुक्रबार प्रधानमन्त्री र राष्ट्रपतिको पुतला दहन तथा शनिबार मसाल जुलुस प्रदर्शन गरेको थियो ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको बिरोध जुलुस प्रधानमन्त्री तथा राष्ट्रपति बिरुद्ध चर्को नाराबाजीका साथै प्रतिनिधिसभा पुर्नस्थापनाको माग गर्दै बजार क्षेत्र परिक्रमा गरेको थियो ।

नगर परिक्रमा पश्चात् जसपा नेता केदार यादवको अध्यक्षतामा आयोजित बिरोधसभालाई राष्ट्रिय सभाका सदस्य मृगेन्द्र कुमार सिंह यादव, विघटित प्रतिनिधिसभा सदस्य रेणु यादव, प्रदेश २ का भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह, यूवा नेता किशोर कुमार यादवलगायतले बोल्दै प्रतिनिधिसभा पुर्नस्थापना नभएसम्म विभिन्न चरणमा आन्दोलन जारि रहने बताएका थिए ।

# बङ्गलादेशबाट पुस अन्तिम साता मल आइपुग्ने

काठमाडौँ, १२ पुस (रासस) ।

बङ्गलादेशबाट खरिद गरिएको ५० हजार मेट्रिकटन रासायनिक मल पुस अन्तिम साता नेपाल आइपुग्ने भएको छ । यही पुस २ गते सरकार-सरकारबीच (जीटुजी)मार्फत रासायनिक मल खरिदको सम्झौता भएको थियो ।

मल खरिदको सम्झौता गरेर फर्किएको नेपाली टोलीले मल ल्याउने तयारीस्वरुप एलसी ( प्रतितपत्र) खोल्ने काम शुरु भएको जनाएको छ । मल खरिदको जिम्मा पाएको कृषि सामग्री कम्पनीले शुक्रबार सिदार्थ बैंङ्कमा एलसी खोल्न पत्र पठाएको जनाएको छ ।

नेपालमा एलसी खोलेको जानकारी गराएपछि बङ्गलादेशको कम्पनीले एलसी खोलेर मल खरिदको तयारी गर्ने जानकारी आएको कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार दुवै देशले एलसी खोलेको १५ दिनभित्रमा मल खरिद शुरु हुनेछ ।

“बङ्गलादेशमा गएर सम्झौता गरेपछि मल आउने ढुक्क भएको छ, हामी जतिसक्दो छिटो खरिद गर्ने तयारीमा छौँ, पुस अन्तिमसाता पहिलो लटको मल नेपाल आइपुग्छ”, उहाँले भन्नुभयो । प्रति मेट्रिक टन २५९.१९५ अमेरिकी डलरमा मल खरिदको सम्झौता भएको भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार बङ्गलादेशसँग प्रति मेट्रिकटन १८ डलर कममा सम्झौता भएको छ ।

जीटूजीमार्फत मल ल्याउन गत कात्तिक २४ गते बसेको मन्त्रिपरिषद् बैठकले कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई स्वीकृति दिएको थियो । मन्त्रालयको निर्देशनअुनसार कृषि सामग्री कम्पनीले मल खरीदको तयारी गरेको थियो । तयारी स्वरुप यही पुस २ गते जीटुजी प्रक्रियामार्फत मल खरिदका लागि कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक भण्डारी र बङ्गलादेश केमिकल इन्ड्रस्ट्रिज कर्पोरेसनका अध्यक्ष महम्मद एमिन उल अहसनबीच सम्झौता भएको थियो ।

कृषि सामग्री कम्पनीले यसअघि नै मल ढुवानीका लागि संयुक्त अरब इमिरेट्स (यूएई) को जेन्ट्रेड एफजेडएफसँग सम्झौता गरिसकेको छ । उक्त कम्पनीले रेलमार्गबाट वीरगञ्ज, विराटनगर र भैरहवामा मल ल्याउनेछ । बङ्गलादेशबाट मल आएपछि आगामी दिनमा मलको अभाव नहुने कम्पनीले जनाएको छ ।

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

नेपाल सहकारी संस्था लि. राजविराजको २०७७ पुस ४ गते बसेको संचालक समितिको बैठकले १८ औं वार्षिक साधारण सभा तपसिलको मिति, समय र स्थानमा गर्ने निर्णय गरेकोले संस्थाका सम्पूर्ण शेयर सदस्यलाई उपस्थितिका लागि यसै सूचना मार्फत हार्दिक आमन्त्रित गरिन्छ ।

**तपसिल**
**मिति** : २०७७ पुस २१ गतेदेखी २०७७ पुस २५ गतेसम्म
**समय** : बिहानको ११ बजेदेखी २ बजेसम्म
**स्थान** : संस्थाको कार्यालयमा, राजविराज

नेपाल सहकारी संस्था लि.
राजविराज ४ (हाल ३), गजेन्द्र चौक, राजविराज, सप्तरी,
सम्पर्क नं. ०३१-५२१०९६

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*